**REVOLUTION**
socialist youth movement

# International struggle against capitalism!



# रेभोल्यसन नेपालजन्मियो

जनवरी १८, २०१०

नेपालमा विद्रोहको नयाँ सिरा स्थापित भएको छ । विश्वका अति गरीब देशमध्येको एक नेपाल हो । यसका पर्वाधारह अर्धविकसित छन् र केही ठाउँहमा त स्थिति शन्य छ । थप्रै किसानह आनो भमिमै बाँधिएका छन्, गरिबी व्यापक छ । कल जनसंख्याको लगभग ३० प्रतिशत मानिसह दिनको एक डलर भन्दा कम आम्दानीमा बाँच्छन् । हजारौँ मानिसह गृहयद्धको कारण अझै पनि देशभित्रै विस्थापित छन् ।

नेपाल जस्तो मलकमा राजनीतिक संघर्ष केन्द्रविन्दमा छ । नेपालमा राम्रो पकड भएको माओवादी पार्टीको हातमा केही समय अघि सत्ता आएको थियो तर उक्त सत्ता पजिँवादलाई अन्ध समर्थन गर्ने मिलिजली सरकारको गठन भएपछि टयियो । नेपाललाई प्रजातान्त्रिक र पजिँवादी अर्थतन्त्र बनाउने उनीहको प्रतिबद्धतामा माओवादी राजनीतिको कमजोरी यो क्रमले उजिल्याइदियो । अहिले माओवादीह प्रतिपक्षमा छन् । सरकारको राजनीतिक आधार कमजोर बनाइदिन उनीहले आम हड्ताल आयोजना गर्ने गर्छन् ।

तर नेपालका समाजवादीहको मख्य काम भनेको प्रजातान्त्रिक सरकारको लागि श्रमिक तथा किसानवर्गको संघर्षलाई एकतृत पार्ने हो ताकि श्रमिककै नियन्त्रणमा अर्थतन्त्र आओस् । सन् २००६ मा नेपाली श्रमिक वर्गले उसको विश्वास भएको माओवादी नेतृत्वको आम हड्तालको मद्दतले माओवादी अध्यक्ष प्रचण्डलाई शक्तिमा ल्यायो । श्रमिक वर्गले पँजिपतिविरूद्ध लडेर तिनलाई परास्त गर्न सक्छन् भन्ने करा पष्टि भयो । यसमा खड्किएको करा भनेको त्यही शक्तिको प्रयोगमार्फत् श्रमिकहको आनै संगठनमा शक्ति निहीत गराउन सक्ने खालको एउटा सक्षम राजनीतिक नेतृत्वको थियो । टट्स्कीनिर्मित स्थायी विद्रोहको कार्यनीति हो यो । र यो नै रेभोल्यसन नेपालले आत्मसात गरिरहने खालको प्रमख सन्देश पनि हो ।



समहले आनो बैठकमा पेश गरेको धारणा तल दिइएको छ :

रेभोल्यसन नेपालका एक सदस्य, राजेशले यसो भने : नेपालमा समाजवाद आउने आस हामीले गरेका छौँ । यहाँ वा अ कतै नै भएपनि शान्तिपर्ण तवरले यो उपलब्धि हासिल गर्न सकिन्छ भन्नेमा हामी विश्वास राख्दैनौँ । त्यसैले हामी विद्रोही ढले लड्न चाहन्छौँ र अवस्था पनि अनकल छ ।

नेपाल र सम्पर्ण विश्वमा कम्यनिजम नै अन्तिम विकल्प हो भन्ने देखाउन आनो शक्ति देखाउने क्षमता हामीसँग छ । पँजिवादी र साम्राज्यवादी मलकको प्रवृत्ति, उनीहको वास्तविक चरित्र र उनीहले बोल्ने करा र चाहेको करा एकदमै फरक छ भन्ने उजिल्याउन चाहन्छौँ हामी ।

आनो देशको डरलाग्दो पँजीवाद र साम्राज्यवादको विद्रोहपर्वक समाधान चाहने श्रमिक तथा किसानमाझ टट्स्कीजम ल्याउन विद्रोहका अन्य पक्षका कामह लिग फर द फिप्थ इन्टरनेश्नल (League for the Fifth International) को सहयोगमा  नेपालमा रहेका हाम्रा काम्रेडहमार्फत् हने छ ।



# इजिप्टमा प्रजातन्त्रको लागि संघर्ष

साइमन हार्डी

जनरल नसिरले सन् १९५० मा शक्ति हत्याएदेखि इजिप्टेली जनताह सैनिक तानाशाहको चपेटामा रहे । विदेशी पँजिपतिको हातबाट इजिप्टका कैयौँ उद्योगह फत्काएर राष्टियकरण गरिसकेपछि नसिर अमेरिकी र बेलायती साम्राज्वादीहको विपक्षमा उभिए त्यसैले उनी लेटिस्टको पमा चिनिन्थे । उनको मृत्यपछि सदत आए जसले पश्चिमी शक्ति र इजरायलसँग मित्रताको नीति पनि लिए । सन् १९८१ मा इजिप्टेली सेनाका इस्लामिक जिहाद कार्यकताारा सदत मारिए । छ महिना सम्मको लागि मात्र उपराष्टपति होस्नी मबारकले सदकको ठाउँ लिए तर त्यसपछि जनमतसंग्रहको जबरजस्त श्रृंखलात्मक विजयपश्चात(कल मतको ९९ प्रतिशत मबारकले पाए) उनले शक्ति आनो हातमा लिए र राष्टपति भए । यसबाहेक जनताहसँग कि त मबारकलाई समर्थन गर्ने नभए उनको विरूद्ध उत्रने उपाय मात्र थियो ।

प्रजातन्त्र नभएको यस्तो अवस्था ज्यादै दमनकारी थियो जहाँ प्रदर्शनकारी र राजनीतिक कार्यकर्ताविरूद्ध खनिँदै प्रहरी र सेनाले दण्डहिनताको पराकाष्टा नाघे । प्रहरीले मानिसहलाई नियमित पमै यातना दिन्थे र पिटपाट गर्थे, कैयौँ जनताह प्रहरी कब्जामै मारिन्थे, उनीहको शरीर कहिल्यै भेटिन्थेन ।

इजिप्टमा अवस्था यति खराब हँदा पनि पश्चिमा शक्ति त्यसविरूद्ध किन खनिएन त ? सामान्य कारण त छ नि यसमा - पश्चिमले काँध हालेका व्यक्ति थिए मबारक जसले आना जनतालाई प्रताडित पार्ने मात्र नभै प्यालेस्टिनीहको थिचोमिचोलाई पनि समर्थन गरे । यस्ता मानिसलाई पश्चिमले यसो पनि भन्ने गर्छ, ऊ हामीले नै बनाएको तर काम नलाग्ने मान्छे थियो ।

मबारकको ३० वर्षे शाषनकालभरि उनीविरूद्ध थोरै मात्र प्रदर्शनह भए । तर उतिबेला डरको साम्राज्य यति बलियो थियो कि दमनविरूद्ध आफले गर्न सक्ने काम केही थिएन भन्ठान्थे मानिसह । तर ट्युनिसियाका जनताह जागेर राष्टपति बेन अलि (अर्का तानाशाह) लाई ढालेपछि मबारक र उसको क्रतराविरूद्ध उत्रन इजिप्टेली जनताले प्रजातन्त्र प्राप्तिको आन्दोलन अझ बलियो बनाउन पर्ने ठाने ।

२५ जनवरीमा प्रदर्शन सरू भयो, लाखौं मान्छेह सडकमा उत्रिए । ती मानिसहलाई प्रहरीहले ताकेरै प्रहार गर्ने र टियर ग्यास हान्ने थप्रो प्रयास गरे । आम जनताह पनि जाइलागे । जनवरी २८ मा क्रर प्रहरीहलाई आन्दोलनकारीहले घिसारेर सडकमा पनि ल्याइपयाए । आन्दोलनले कायरोको मटमा रहेको ताहिर स्क्वायर कब्जा गयो र त्यही स्थायी क्याम्प पनि बसायो । धेरैजसो श्रमिक वर्गबाट आएका सेनाहसाम ती जनसमदायलाई जब मबारकले गोली हान्ने आदेश तेर्स्याए सेनाले मबारकको आदेश मानेनन् । त्यसको साटो उनीहले स्क्वायर वरिपरि आनो ट्याक पार्क गरिराखे र जनता र सेनाह मिल्न पनि थाले ।

यसपछि मबारक एक्लिन थालिहाले । राष्टिय प्रजातान्त्रिक



दल (National Democratic Party) नामक उनको दलले थप्रै गण्डा र लफ्गाह किन्यो र यनिफर्ममा नभएका प्रहरीलाई पनि प्रयोग गर्दै ताहिर स्क्वायर वरिपरिकालाई धपाउन र धम्क्याउन थाल्यो । उनीहको आक्रमणले पाँच जना मारिएपनि आक्रमण भने असफल रह्यो ।

यो संघर्षमा पश्चिमा शक्ति, त्यो पनि राष्टपति ओबामा र प्रधानमन्त्री क्यामरून भने जालमा फँसे । उनीहरुले स्पष्ट पमै राष्टपति मबारकलाई समर्थन जनाउन चाहन्थे तर आफहविरूद्धको आन्दोलनबारे बेपर्वाह गर्न सकेनन् । दवै पक्ष लचकदार हनपर्छ र विध्वशं गर्न हँदैन भन्ने कमजोर सझाव दिन मात्र पाएका थिए उनीहले । आनो जीवनको लागि संघर्ष गरेका जनतालाई भन्ने प्रयास गरेका भए पो ओबामाले प्रत्येक वर्ष इजिप्टलाई प्रदान गर्ने १.२ अरब डलरको सैनिक सहायता नदिन पनि मानेनन् । वाह कस्ता नायक प्रजातन्त्रका

समयक्रममा तल्लो स्तरबाट आएको अति कडा दवाब जन प्रजातान्त्रिक संघर्षको लागि भएको अति नै प्रशंसनिय काम हो, त्यसैको कारण मबारक फालिए । यद्यपि, सत्ताबाट मबारक च्यत भए पनि सरकारमा सेनाको नियन्त्रण बलियो थियो र अझै पनि परिवर्तन रोक्न सेना प्रयासरत छ । सबै किसिमका पराना सत्तालाई याँकेर प्रजतान्त्रिक संघर्ष जारि रहन पर्छ तर त्यस्ता किसिमका शक्तिको कारण यो आकाक्षां अझ दबिनेछ । मबारकले राजीनामा दिनभन्दा दई दिन अघि सरू भएको शक्तिशाली हड्ताल नै शासन अन्त्यको कारण थियो जन संघर्षमा श्रमिक वर्गको संलग्नता निकै महत्वपर्ण छ ।

नेपालका श्रमिक वर्ग र यवाहले ट्युनिसिया, लिबिया, इजिप्ट र अन्य राष्टमा भैरहेका प्रजातान्त्रिक संघर्षहलाई सहयोग गर्न पर्छ । तर हामीलाई के थाहा हनपर्छ भने हामी प्रजातन्त्रमै मात्र बसिरहन सक्दैनौं, शक्तिशालि हन र पँजिवादीको शोषण विरूद्ध श्रमिक वर्गको लगि हामी लड्नै पर्छ । यसै गरे मात्र हामीले साम्राज्यवादलाई परास्त गर्न र विश्वभरिका मानिसलाई मक्ति दिलाउन सक्छौं ।

# लेनिन



**केही मार्क्सवादीहबाट आम दलसम्म**

तात्कालिन रसियाली साम्राज्यमा सन् १८७० मा लेनिन जन्मेका हन् । उनको पारिवारिक वातावरण गरिबीको थिएन । लेनिनका बाब उच्च कलको निम्न वर्गबाट आएका थिए । उनका नजिकका नातेदारहले उतिबेलाको राज्यप्रणालीलाई घृणा गर्ने करामा दईमतै छैन । लेनिनका दाई अलेक्जेन्डर आफै आतकंवादी संगठनका सदस्य थिए जसले रसियाका एक्ला शासक जारलाई मार्ने प्रयास गरेका थिए । हत्या असफलतापछि सन् १८८७ मा अलेक्जेन्डरलाई झन्ड्याइयो ।

आम मानिसमाझ यो घटनाबारे लेनिनले कनै चर्चा नगरेपनि उनको भविष्य निर्धारणमा यो काले पनि पक्कै महत्वपर्ण भमिका निर्वाह गरेको हनपर्छ । त्यो वर्ष उनले रूसमा भएका विद्रोहहबारे अध्ययन गर्न थाले साथै भमिगत आन्दोलनहसँग पनि सम्पर्क बढाउन सरू गरे । ती कराहबाट उनले गोप्य पमा कसरी संगठीत होइन्छ त्यो जाने, इन्भिजिबल इन्कले कसरी लेख्ने, काननले बन्देज लगाएका साहित्यह कसरी बाँड्ने, जेलमा रहँदा बाहिरी मानिसहसँग कसरी सम्पर्कमा रहने, सराकी तथा प्रहरीलाई कसरी छल्ने यी सबै करा लेनिनले सिके । लेनिनले भमिगत संगठनका षड्यन्त्रकारीहको पनि भरमग्दर तारिफ गरेका छन् । तिनीहको गल्ती तथा असफलताहलाई पनि मतलब गर्दैनथे उनले । विशेषगरी जर्मन र बाहिरी विश्वमा आम मानिसमाझ पहिल्यैदेखि चर्चित मार्क्स र एलेसको नयाँ कम्यनिष्ट सिद्धान्तहतर्फ लेनिन लागे ।

रूस निकै पिछडिएको मलक थियो । रसियाली जनताको अत्यधिक संख्या किसान थिए जसले भमिमा आश्रित भै पिडादायक जिन्दगी बिताउँदै थिए । लाखौँ जनताको आनै नाममा भमि थिएन त्यसैले उनीहलाई धनी जमिन( दारको भमिमा दासको पमा काम गर्नपर्थ्यो ।

तर यो मध्यावधिक व्यवस्थासँगै नयाँ- नयाँ उद्योगह वनको आगो जसरी फैलिँदै थिए । आधनिक श्रमिक वर्गह शहरहमा संगठित हन थाले, व्यापक विदेशी स्वामित्वको फेक्टिहमा आकर्षित भए ।

**रसियाली सोसियल डेमोक्र्याट्सह**

लेनिन सामाजिक प्रजातन्त्रवादी आन्दोलनमा प्रवेश गरे । यो परदेशमा बसेका लेखकहका केही समह र रसियामा भमिगत भै काम गर्दै गरेका मार्क्सवादी विद्यार्थी र बौद्धिक वर्गहारा निर्मित संगठन थियो । रसियाका अन्य उग्र आन्दोलन भन्दा बेग्लै मार्क्सवादी समाजवादी डेमोक्र्याटहले आनो ध्यान नयाँ खालका उद्योगका श्रमिक वर्गतर्फ लगाए । उनीहले तिनै कामदारहलाई आधनिक विचारह र समाजवादी सिद्धान्तबारे पढाउन गैरकाननी समह गठन गरे । धेरै कामदारह त गाउँबाट भर्खरै आएका र पढ्न लेख्न पनि बल्ल बल्ल जान्ने खालका थिए । त्यसपछि तिनीह श्रमिकमाझ गएर तिनलाई यात्किमा गरिने श्रमको डरलाग्दो अवस्थाबारे साथै यात्किका मालिकले श्रमिकलाई तल्लो स्तरमा राख्ने काम विरूद्ध र जारको निरंकशतन्त्रविरूद्ध उकास्ने काम थाले ।

सन् १८९० तिरका आन्दोलनका छालहले हज्जारौँ कामदारहलाई राजनीतिक जीवन र मार्क्सवादीहसँगको निरन्तर सम्पर्कमा ल्याइदियो । श्रमिकहको यो जेलिएको वृत्तले एउटा नयाँ राजनीतिक दललाई जन्म दियो : रसियन सोसियल डेमोक्रेटिक लेबर पार्टी वा RSDLP ।

रसियाली आन्दोलनको नजिक हँदा हँदै लेनिन एउटा यवा नेताको पमा उदाए । तर पक्राउ परेपछि, जेल हालीएपछि र देशनिकाला भएपछि उनले आनो जीवनको अधिकाशं समय विदेशमा बिताए । त्यहाँ पनि उनी अन्य देशहका मार्क्सवादी आन्दोलनहको सम्पर्कमा रहन सके । यसले उनलाई श्रमिकको आन्दोलन र त्यसको कामबारे व्यापक र अन्तर्राष्ट्रिय दृष्टिकोण राख्न सघायो र साँघरो राष्टियतावादमा फँस्न कहिल्यै दिएन । हामीले ख्याल गनपर्ने के करा हो भने, यै पक्ष नै लेनिनको जीवनको उत्तरार्धको राजनीतिक जीवनको विकास र उनका सफलताहको मानचित्रको लागि निकै महत्वपर्ण थियो ।

**आन्दोलनकारी दल**

श्रमिक वर्गको संघर्ष कमजोर हन्छ कि भन्ने डरले लेनिनले आना अघिल्ला वर्षहमा सबै खालका नियम र विचारहसँग जधे । इस्का (अर्थात् झिल्को) खबरपत्रिकामार्फत् लेनिनले अधिकारी र राजनीतिकर्मीहको हत्या गर्ने कार्यनीति र त्यस्तो खालको व्यक्तिगत आतकंवादविरूद्ध बोलेका छन् । उनका अनसार जार व्यवस्था उखेल्न त्यसले आम विद्रोहको स्वप लिने छ । उचित श्रममल्यमा तथा काम गर्ने वातावरण निर्माणमा मात्र उत्साह जगाउने काम गरोस् भन्ने RSDLP को अभियान विरूद्ध लेनिनको प्रभावमा RSDLP भित्रका अर्थशास्त्रिहको विचारविरूद्ध इस्काले अभियान थाल्यो । विश्वभरिका थिचिएका र मिचिएका मानिसहको अधिकारलाई बलियो बनाउन RSDLP ले काम गर्नपर्नेबारे लेनिनले तर्क गरे । श्रमिकहको स्वस्फर्त विचारलाई पछ्याउनको साटो इस्काले नयाँ दलले उनीहको साहसिक संघर्षलाई अझ उचाइ दिइ जार शासन उखेल्ने र समाजवादको लागि लड्ने जस्ता राजनीतिक लक्ष्यका करा तर्फ बढाउनपर्ने चाहृयो ।

व्यावसायिकतावादलाई नजितिकन र अनशासित दल स्थापना नगरी गप्तचर प्रहरी र तालिमप्राप्त सेना भएको जार राज्यलाई परास्त गन असम्भव हने करामा लेनिनले जोड दिन्थे । एउटै समाचारपत्रले मात्रै पनि सिो रसियाभरी हने संघर्षलाई जोड्जाम गर्न, श्रमिक वर्गको साझा लक्ष्यलाई निर्देशित गर्न र विविध प्रभावहको अभ्यास गर्न सक्षम बनाउने करामा लेनिनले जोड दिन्थे । आ नैदायराभित्रै दलसँग व्यापक प्रजातन्त्र हनपर्थ्यो । यो बिना दलका नेताहको विचार र कार्यहमा लगाम लगाउन असम्भव हन्थ्यो । दलले आम मानिसको भावना र विचारको प्रतिनिधित्व गर्छ भन्ने निश्चित गर्न पनि यो कार्य महत्वपर्ण हन्थ्यो । यसैगरी एकपटक निर्णय भैसकेपछि दलका सबै सदस्यले त्यसको पालना गर्नपर्थ्यो । मड्कीले हानेजस्तै प्रभावकारी ढले दलले काम गर्नपर्थ्यो । प्रजातान्त्रिक छलफल र अभ्यासमा एकता झल्कने यो सिद्धान्त पछि गएर प्रजातान्त्रिक केन्द्रिकरणको नामले चिनियो । संघर्षलाई संगठित पार्ने यो तकनिकी लेनिनको योगदान मध्येकै मख्य थियो ।



सन् १९०३ मा RSDLP दुई भागमा विभाजित भयो : लेनिनले नेतृत्व गरेको बोल्शेभिक (बहमत सदस्य भएका) र मार्तोभ र रसियाली मार्क्सवादका बढा नेताले नेतृत्व गरेको मेन्सेभिक्स(अल्पमत सदस्य भएका) दल । सन् १९१२ बाट यी दुई दलहले आफलाई छुट्टाछुट्टै दलको पमा पूर्ण विकसित गराए । सरूमा यी दुई दलबीच निकै झिनो फरक देखिन्थ्यो । सम्मेलनमार्फत् दलले इस्क्राका केही नेताहलाई सम्पादकीय बोर्डबाट हटाउने प्रजातान्त्रिक निर्णय मेन्सेभिक्सले अस्विकार गरेपछि फट सरू भएको थियो । तर यसबाहेक अ पनि ठोस खालका कठिनाइह थिए ।

जारलाई फाल्न र प्रजातन्त्र स्थापना गर्न पँजीपतिको उदारवादी खेमामा श्रमिक वर्गले विश्वास राख्नपर्ने विचार थियो मेन्सेभिक्सको । यसको ठिक उल्टो पमा बोल्शेभिकले भने श्रमिक वर्ग सबै समयमा स्वतन्त्र रहनपर्ने र विद्रोहमा प्रमख भमिका निभाउन पर्नेमा विश्वास राख्थ्यो जसबाट कालान्तरमा पँजिपतिलाई जित्न सहज हन्थ्यो ।

**शोभियतह**

सन् १९०५ मा एउटा आँधि आयो । जारको दरवारमा शान्तपर्वक गइरहेको एउटा जलस सेनाको गोलाबारूदको कारण रगतको आहालमा परिणत भयो । परूषह, महिलाह र केटाकेटीह मारिए । सबैथोक ध्वस्त भयो । रसियाली श्रमिकहले रसियाकै इतिहासकै सबैभन्दा ठलो हड्ताल सरू गरे । रोटी मात्रै माग्ने तिनीहको पहिलेको माग अब वाक् स्वतन्त्रता, संसद र गणतन्त्र हनपर्ने मागमा बौरीयो । सबैभन्दा मख्य करा के भने शोभियत नामको नयाँ संगठन निर्माण पनि गरे श्रमिकहले । यस्ता प्रजातान्त्रिक परिषद्हले प्रत्येक औद्योगिक क्षेत्रबाट श्रमिकह ल्याए । श्रमिकहका प्रतिनिधिह प्रत्यक्ष निर्वाचित भएका थिए र कनै पनि बेला फिर्ता बोलाइन सक्थे । उनीहले यस्तो संघर्ष गरेर श्रमिक वर्ग आफैँले पनि समाज व्यवस्थित गर्न सक्ने देखाइदिए । उनीह नै भविष्यको श्रमिक वर्गको राज्यको बिज थिए ।

धेरै क्षेत्रहमा संघर्ष हँदा शोभियतहले आफलाई प्रहरीसँग केवल प्रतिरक्षा मात्र गरे । र हड्तालमा थप हिंसात्मक काम गर्नबाट आफलाई सिमित पनि राखे । मस्कोमा भने बोल्केभिक्सको विशेष प्रभाव थियो । लेनिनले जारविरूद्ध सशस्त्र विद्रोग गर्नपर्ने विचार राखे ।

बोल्शेभिक कार्यकर्तालाई लेनिनले यस्तो लेखेका थिए :

। तिनीहले आफले सकन्जेलको हातहतियारले (राइफल, रिभल्बर, बम, चक्क, खँडा, लठ्ठी, आगो सल्काउने कार्यमा प्रयोग हने मटीतेलमा डबाएको बोराह, रस्सी वा रस्सीका भयाह, तगारो बनाउने उद्देश्यका बेल्चाह, प्रोक्सिलिन कार्टिज, तिखा तारह, नेलह आदि) आफैँलाई ससज्जित पार्न पर्छ ।

शोभियतह बहादरी पर्वक लडे तर डिसेम्बर १७ मा उनीह पराजित भए । मेन्सेभिक्स नेताहले आम मानिसहलाई कहिल्यै पनि सशस्त्र हतियार दिन हँदैनथ्यो भन्थे । तर लेनिन यो करामा सहमत भएनन् । उनले यस्तो विचार राखे :

मानिसह अझ निर्भयतापर्वक र जोशीलो भएर अस्त्रहले ससज्जित हनपर्थ्यो । शान्तिपर्ण आन्दोलनमा कनै करालाई बाँध्न खोज्न असम्भव हन्छ र डरबिनाको कडा खालको सशस्त्र संघर्ष आवश्यक हन्थ्यो भनि हामीले आम मानिसलाई बझाउनपर्थ्यो ।

सन् १९०५ मा भएको संघर्ष पछि मार्क्सवादीको लागि विद्रोह भन्न अप्ठ्यारो भयो । श्रमिकका लागि भएका प्रत्येक संघर्षहले आफैँ विद्रोहको विचारमा आएको ह्रासको पमा त्यसको प्रतिबिम्ब भेट्छन् । दमन भएको अर्को वर्षताका RSDLP मा भएको दई किसिमको आयामविरूद्ध लेनिन लडे जन व्यवस्थित पारिएको भए त्यसले विद्रोहलाई असफल हनबाट रोक्थ्यो ।

यस मध्येको पहिलो भनेको राइट वि आयाम हो । लिक्वीडेटर्स नामको मेन्सेभिक्सकै अतिवादी समहले RSDLP को भमिगत संगठनह भंग पार्नपर्ने निर्णय गरे । त्यसको ठाउँमा उनीहले काननअनसारको एउटा पार्टी निर्माण गर्नपर्ने करा चाहे । यस कराप्रति लेनिन खरो उत्रिए, मानेनन् । यो कदम भनेको विद्रोहको प्रयास त्याग गर्न हो त्यसैले यस्तो काम गर्न हन्न भनि आफ्नो दललाई बझाए र शान्तिपर्ण सधारको लागि लड्न पर्ने करा पनि राखे ।

लेनिन लडेको दोस्रो आयाम भनेको बोल्शेभिकको एउटा पक्षमा निहित लेट विको अतिवादी भड्काव हो । RSDLP भमिगत काममा मात्र एकतृत हनपर्छ र काननी किसिमको कनै पनि अवसर ग्रहण गर्न हँदैन भन्ने खालको विचार उनीहले राख्थे जन लिक्वीडेटर्सको विचारको ठीक उल्टो थियो । खासगरी उनीहले रसियाली संसद डमाको निर्वाचनमा भाग लिने RSDLP निर्णयबारे असहमती जनाए ।

**कम्यनिष्ट राजनीतिकर्मीह**

यसलाई लेनिनले खतरनाक गल्तीको पमा लिए । पार्टीले मानिसहरुको सहयोग लिन र आनो सन्देश प्रवाह गर्न निर्वाचन गर्न पर्छ । यद्यपि, उसका संसद् सदस्यह परम्परागत धारका लाभान्वित राजनीतिकर्मीहभन्दा नितान्त फरक हनपर्छ । डमा संसद्मा सामान्य लगा लगाएर जाने श्रमिक वर्ग हनपर्छ उनीह । संसद्को सबै कार्यक्रममा भाग लिने र संसद्लाई माया गर्ने खालका । उनीहले आफले पाएको स्तरलाई जारलाई देखाउन र संसद्बाहिर रहेका श्रमिकहलाई संघर्षमा आउन आह्वान गर्न प्रयोग गर्नपर्थ्यो ।

काननी र गैरकाननी कामहलाई एकतृत गर्न लेनिनले गरेको प्रयास निक्कै सफल भएको थियो । सन् १९१२ मा आम मानिसको ठलो भिडले आम हड्ताल गर्न थाल्दा बोल्शेभिक पक्ष मेन्सेभिक्स वा लिक्विडेटर्स भन्दा बढी नै श्रमिकहको प्रतिनिधि भैसकेको थियो । र अन्तत बोल्शेभिकले आफलाई एउटा छट्टै र पर्ण दलको पमा स्थापित गरिछाड्यो ।

जारवादसँगको अन्तिम लडाइँको लागि सबैथोक तयार भैसकेको जस्तो थियो । तर सन् १९१४ मा सम्पर्ण यरोप प्रथम विश्वयद्धको चरम चाप र अन्धकारमा डब्यो । यरोपका सबै प्रजातान्त्रिक समाजवादी र श्रमिक दलहमध्ये एउटा दलमात्र राष्टियतावाद र यद्धविरूद्ध उभियो, त्यो दल भनेको बोल्शेभिक थियो ।

# कस्मीरी सेनाको पाशविकताप्रति बोल्ने विश्लेशकहलाई भारतले धम्क्यायो

आनो उपन्यास *गड अफ स्मल थिङ्स* बाट परस्कार जितेकी भारतीय लेखिका अरून्धति रोयले एउटा सार्वजनिक कार्यक्रममा भारतबाट कस्मीर छुट्टीनपर्ने विचार राखेपछि उनी सम्भावित गिरतारीको मारमा परेकी छन् । प्रति दिन बीस रूपैयाँ कमाएर बाँच्ने ८३० मिलियन *भखे नंगे* भारतप्रति संकेत गर्दै उनले पश्चिमी मलकको नीति समर्थन गर्ने भारतीय नीति र भारतको व्यापक गरिबीलाई भर्त्सना गरेकी थिइन् ।




दिल्लीमा खासगरी विद्यार्थीहबीचको बैठकमा आजादीको अर्थात् अलग हने करा गर्दै रोयले भारत-कस्मीर विभाज(नबारे विचार राखेकी हन् । ब्रिटेनबाट सन् १९४७ मा स्वतन्त्र भएदेखि नै भारतले कस्मीरलाई नियन्त्रणमा लिएर त्यहाँ सैनिकको स्थायी उपस्थिति जनाउँदै आएको छ ।

भारतीय अधिकारीारा बन्दि बनाइएका मानव अधिकारवादी पैरवीकर्ता र अधिकारवादीहको रिहाइको लागि लडिरहेको मानव अधिकारवादी अभि(यानमलक संस्था राजनीतिक बन्दी रिहाई समितिारा बैठक आयोजना गरिएको थियो ।

कस्मीरलाई समर्थन गर्ने मियाँ अब्दल कैयम गलाम, नवी शाहीन जस्ता कहलिएका वकिल जस्ता थप्रै मानिसह जम्म-कस्मीर सार्वजनिक सरक्षा ऐन १९७८ अन्तर्गत थनिएका छन् । यो प्रतिकृयावादी कानन हो जसले शान्ति सरक्षालाई खलल पार्ने उद्देश्य कसैले राखे त्यस्तालाई दई वर्ष सम्म थन्न भारतीय प्रहरीलाई सघाउँछ ।

लठ्ठी र ढ्गाको सहायताले प्रहरीसँग लडेर ११२ जना (धेरैजसो यवाह) कस्मीरी जनता मारिएपछि यो कानन बनाइएको हो ।

भारतको निजी प्यालेस्टाइन बन्ने क्रमको द्रत गतिमा छ कस्मीर । प्यालेस्टाइन एउटा सार्वभौम राष्ट हो । ऊ त्यो देशलाई ओगटेर आनै राष्टमा सामेल गराउन खोजेको विदेशी शक्तिविरूद्ध आनो उन्तमक्तिको खातिर लडिरहेको छ ।

रोय भन्छिन्, करोडौं मानिसले यहाँ भनिरहेको करा त मैले भनेकि हँ...विश्वकै अति क्रर खालको सैनिकीकरणको च्गलमा बाँचिरहेका कस्मीरी जनताको न्यायको लागि बोलेकी हँ मैले ।

कस्मीरप्रति भारत सरकारको क्रताविरूद्ध आलोचनात्मक विचार राख्ने भारतीयह स्वयंको बढ्दो संख्या छ । भारतले कस्मीरलाई छाडेर त्यहाँका जनतालाई नै आनो देशको भविष्यबारे निर्क्यौल गर्न दिन अरून्धतिले राखेको धारणा सहि थियो ।

# JOIN REVOLUTION

Revolution is an international youth organisation. We launch and take part in a wide range of campaigns against injustice, exploitation and oppression. We have active groups in Pakistan, Sri Lanka, Britain, Sweden, Germany, Austria, the Czech Republic, USA, and Nepal with many more members around the world.

We are opposed to capitalism and the misery, alienation, war and environmental destruction it creates.

We support all struggles for progressive changes, but we do not believe that the capitalist elite will allow their wealth and privilege to be voted out of existence. We believe it will take force to take the power and property away from the few and into the hands of the many.

We reject terrorism and isolated acts by tiny groups. Instead we believe a mass movement needs to be built based on the support of the majority of the people – the working class. It is the working class that produces all the wealth in this society. The working class has no interest in keeping capitalism going. And the working class has the power, the size and the traditions of organisation to bring this rotten system crashing down.

We want to overcome every barrier that the capitalists use to divide us and weaken our struggles. We fight all forms of discrimination and oppression, whether on grounds of sex, race, nationality or sexuality.

We are internationalists, not nationalists. Capitalism is a global system, so we have to fight it globally. We want to leave the borders and divisions of nations behind and move forward to a truly global and united humanity, without bigotry, war and class division.

We stand shoulder to shoulder with our sisters and brothers in the Third World struggling to break free of the trillion dollar debt, the IMF, WTO and NATO.

We fight alongside anyone we share a goal with. And we organise for revolution – the only solution to the world's woes. A socialist society would be based on direct democracy, collective ownership and democratic planning of the economy for human need, not private greed.

That's what we stand for. You can find more information in our manifesto. Join us today!